**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण**

**सूचना सार्वजनिक गर्ने निकायको नामः** चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवन

**सूचना सार्वजनिक गरेको अवधिः**

चा.लु आ.व २०८१/०८२ (वार्षिक)।

**१. कार्यालयको स्वरुप र प्रकृति**

वागमती प्रदेश, गण्डकी प्रदेश र मधेश प्रदेशका चितवन, मकवानपुर, पर्सा र नवलपुर र जिल्लाका केही भू–भागमा फैलिएको यो राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो। यस राष्ट्रिय निकुञ्जको क्षेत्रफल ९५२.६३ वर्ग कि.मि. रहेको छ। यस निकुञ्जले चुरे पहाड, राप्ती, नारायणी र रिउ नदीका मुख्य क्षेत्रहरूलाई समेटेको छ । निकुञ्जको करिब ७० प्रतिशत वन क्षेत्र सालको जंगलले ढाकेको छ। स्थानीय जनताको वन पैदावारको आवश्यकतालाई सरल र सहज रुपमा परिपूर्ति गर्न तथा निकुञ्जबाट प्रभावित वासिन्दाहरुको आर्थिक तथा सामाजिक विकास गर्ने मूल उद्देश्य लिई निकुञ्ज वरिपरी ७५० वर्ग कि.मि क्षेत्रलाई वि.स. २०५३ सालमा मध्यवर्ती क्षेत्रको रुपमा घोषणा गरिएको थियो । वि.स. २०७३ साल कार्तिकमा यस राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको सिमानामा केही हेरफेर गरीयो जस अनुसार निकुञ्जको क्षेत्रफल बढेर ९५२.६३ वर्ग कि.मि र मध्यवर्ती क्षेत्रफल ७२९.३७ वर्ग कि.मि कायम भएको थियो । यस कार्यालयले वन्यजन्तु संरक्षण, यिनीहरुको बासस्थान व्यवस्थापन साथै मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने कार्य गर्दै आईरहेको छ ।

**२. कार्यालयको काम, कर्तव्य र अधिकार**

- वन्यजन्तु र यिनीहरुको बासस्थानको संरक्षण र व्यवस्थापन गर्ने ।
- वन्यजन्तुको चोरी सिकारी नियन्त्रण गर्ने ।
- मध्यवर्ती क्षेत्रको संरक्षण, व्यवस्थापन साथै यहाँ बसोबास गर्ने स्थानीय जनताका आवश्यकता पहिचान गरि सामुदायिक विकास, सीप विकास तथा आयआर्जनमा टेवा पुर्याउने गर्ने ।
- मानव वन्यजन्तु विचको द्वन्द न्युनिकरण गर्ने र मध्यवर्ती क्षेत्रका जनतालाई वन्यजन्तु वाटभएको क्षेतिको राहत उपलब्ध गराउने ।
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा नियमित रुपमा गस्ति गर्ने गराउने ।
- वन्यजन्तुहरुको अवस्थाको बारेमा जानकारी लिई विवरण अद्यावधिक गर्ने ।
- वन्यजन्तुको उद्दार, उपचार साथै पुनर्स्थापना गर्ने ।
- निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा भए गरेका गैरकानूनी कार्यहरुको सम्बन्धमा दोषी पत्ता लगाई कानून बमोजिम सजाय गर्ने ।
- अध्ययन, अनुसन्धान गर्ने गराउने ।
- पर्यापर्यटन व्यवस्थापन तथा नियमन गर्ने ।
- विभिन्न आयोजना तथा कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन तथा निरीक्षण गर्ने ।

## ३. कार्यालयमा रहने कर्मचारी संख्या

| सि. नं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वरिष्ठ संरक्षण अधिकृत | रा.प.द्वितीय | वन | ने.पा.वा.ला | १ | |
| २ | वरिष्ठ पशु चिकित्सक | रा.प.द्वितीय | कृषि | भेटेनरी | १ | |
| ३ | संरक्षण अधिकृत | रा.प तृतीय | वन | ने.पा.वा.ला | ८ | |
| ४ | पशु चिकित्सक | रा.प तृतीय | कृषि | भेटेनरी | २ | |
| ५ | शाखा अधिकृत | रा.प तृतीय | प्रशासन | सामान्य प्र. | १ | |
| ६ | लेखा अधिकृत | रा.प तृतीय | प्रशासन | लेखा | १ | |
| ७ | रेन्जर | रा.प.अनं. प्रथम | वन | ने.पा.वा.ला | १९ | |
| ८ | सव ईन्जिनियर | रा.प.अनं. प्रथम | ईन्जिनियर | सिभिल | १ | |
| ९ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सामान्य प्र. | ५ | |
| १० | ना.सु (न्याय) | रा.प.अनं. प्रथम | प्रशासन | प्रशासन | १ | |
| ११ | कम्प्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | १ | |
| १२ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | |
| १३ | पशु स्वा.प्राविधिक | रा.प.अनं. प्रथम | कृषि | भेटेनरी | २ | |
| १४ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र | १६ | |
| १५ | सह-लेखापाल | रा.प.अनं.द्वितीय | प्रशासन | लेखा | १ | |
| १६ | सि.गेमस्काउट | रा.प.अनं.द्वितीय | वन | ने.पा.वा.ला. | ३४ | |
| १७ | सि.गेमस्काउट | रा.प.अनं.चतुर्थ | वन | ने.पा.वा.ला | ३ | |
| १८ | गेमस्काउट | श्रेणी विहिन | वन | ने.पा.वा.ला | १०६ | |

| सि. नं. | पद | श्रेणी | सेवा | समूह | स्वीकृत दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|
| १९ | कार्यालय सहयोगी | श्रेणी विहीन | प्रशासन | सा.प्र | ५ | |
| २० | सवारी चालक | श्रेणी विहीन | इन्जिनेरिंग | मेकानिकल | ७ | |
| २१ | माझी | श्रेणी विहीन | प्रशासन | सामान्य प्र. | १२ | |
| **जम्मा** | | | | | २२८ | |
| **हात्तीसार तर्फ** | | | | | | |
| १ | शाखा अधिकृत | रा.प तृतीय | वन | हात्तीसार | १ | |
| २ | ना.सु | रा.प.अनं. प्रथम | वन | हात्तीसार | २ | |
| ३ | दरोगा | रा.प.अनं.द्वितीय | वन | हात्तीसार | २ | |
| ४ | फणित (दरोगा) | रा.प.अनं.चतुर्थ | वन | हात्तीसार | ११ | |
| ५ | फणित | श्रेणी विहीन | वन | हात्तीसार | ३९ | |
| ६ | पछुवा | श्रेणी विहीन | वन | हात्तीसार | ५० | |
| ७ | माहुत | श्रेणी विहीन | वन | हात्तीसार | ५० | |
| **जम्मा** | | | | | **१५५** | |
| **कार्यालय तर्फ दरवन्दी** | | | | | **२२८** | |
| **हात्तीसार तर्फ दरबन्दी** | | | | | **१५५** | |
| **जम्मा कुल दरबन्दी** | | | | | **३८३** | |

## ४. निकायबाट प्रदान गरिने सेवाहरु, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क्र. सं | कार्यालयबाट प्रदान गरिने सेवाहरु | सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्न लाग्ने दस्तुर | सेवा प्रदान गर्न लाग्ने समय |
|---|---|---|---|---|
| १ | राष्ट्रिय निकुञ्जमा प्रवेश दस्तुर लिएर प्रवेश गर्नको लागि अनुमती दिईने । | तोकिएका प्रवेशद्वारहरु | नेपाली नागरिकलाई रु. १५०।- | १५ मिनेट |

| क. सं | कार्यालयबाट प्रदान गरिने सेवाहरु | सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्न लाग्ने दस्तुर | सेवा प्रदान गर्न लाग्ने समय |
|---|---|---|---|---|
| | | | सार्क मुलुकलाई रू. १,०००।- | |
| | | | विदेशी नागरिकलाई रू. २,०००।- | |
| २ | जंगल ड्राईभ अनुमति | तोकिएका प्रवेशद्वारहरु | कार रू. ३,०००।-<br>जीप रू. ५,०००।- | १५ मिनेट |
| ३ | तालिम प्राप्त गाईडहरुलाई परिचय पत्र दिने । | योजना शाखा | प्रति गाइड प्रतिवर्ष रू. २,०००।- | १५ मिनेट |
| ४ | मध्यवर्ती क्षेत्रको योजना सम्झौता र प्रथम किस्ता निकासा । | मध्यवर्ती तथा अनुगमन शाखा र लेखा शाखा | निः शुल्क | ७ दिन |
| ५ | किस्ताहरुको निकासा र फरफारक । | मध्यवर्ती तथा अनुगमन शाखा र लेखा शाखा | निः शुल्क | ७ दिन |
| ६ | वन्यजन्तुबाट हुने क्षतिको राहत रकम वितरण । | मध्यवर्ती तथा अनुगमन शाखा र लेखा शाखा | निः शुल्क | |
| ७ | मध्यवर्ती सामुदायिक वनको विधान दर्ता, कार्ययोजना स्वीकृत र वन हस्तान्तरण । | मध्यवर्ती तथा अनुगमन शाखा | निः शुल्क | ३ दिन |
| ८ | घरेलु उद्योग दर्ताका लागि सहमति । | मध्यवर्ती तथा अनुगमन शाखा | निः शुल्क | सोही दिन |
| ९ | गिट्टी, बालुवा निकासीको अनुमति । | मध्यवर्ती तथा अनुगमन शाखा | ढुंगा प्रति घ.फि रू.१०<br>गिट्टी/ग्रावेल प्रति घ.फि रू. ९<br>बालुवा प्रति घ.फि.रू. ७ | फिल्ड प्रतिवेदन प्राप्त भएको ३ दिन |
| १० | दहत्तर बहत्तर काठ संकलन तथा वितरणको अनुमति । | मध्यवर्ती तथा अनुगमन शाखा | नेपाल सरकारले तोकेको राजश्व शुल्क | फिल्ड प्रतिवेदन प्राप्त भएको ३ दिन |

| क्र. सं | कार्यालयबाट प्रदान गरिने सेवाहरु | सेवा प्रदान गर्ने कार्यालयको शाखा र जिम्मेवार अधिकारी | सेवा प्रदान गर्न लाग्ने दस्तुर | सेवा प्रदान गर्न लाग्ने समय |
|---|---|---|---|---|
| ११ | नम्बरी आवादीको रुख कटान र वन पैदावर ओसारपसारको अनुमति । | मध्यवर्ती तथा अनुगमन शाखा | नेपाल सरकारले तोकेको राजश्व शुल्कको १३% मु.अ.क | फिल्ड प्रतिवेदन प्राप्त भएको ३ दिनमा |
| १२ | विल भुक्तानी लगायतका आर्थिक कारोवार । | लेखा शाखा | निः शुल्क | ७ दिन |
| १३ | मुद्धा अनुसन्धान तथा फैसला । | अनुसन्धान अधिकृत मुद्धा फाँट / प्रमुख | | |
| १४ | अध्यन/ अनुसन्धान अनुमति। | योजन शाखा | निः शुल्क | सोही दिन |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- **निर्णय गर्ने प्रक्रिया** : निर्णयसंग सम्बन्धित प्रचलित ऐन, नियम कानुन, मापदण्ड तथा निर्देशिका आदिको आधारमा ।
- **निर्णय गर्ने अधिकारी**: बरिष्ठ संरक्षण अधिकृत डा. गणेश पन्त

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी


डा. रामचन्द्र कंडेल, महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## ७. कार्यालयले आ.व. २०८१/०८२ मा सम्पादन गरेको कामको विवरण

### ७.१ पर्यटक आगमनको स्थितिः


चितवन राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्ष (आर्थिक वर्ष २०८१/०८२) मा २,३१,३२९ जना पर्यटकहरुले भ्रमण गरेका छन् । यसरी भ्रमण गर्ने पर्यटकहरुमा नेपाली १,१७,२०६ जना, सार्क राष्ट्रबाट २४,८०० जना तथा अन्य देशबाट ८९,३२३ जना रहेका छन् । कार्तिक महिनामा सर्वाधिक ३२२५२ जना पर्यटकहरुले निकुञ्जको भ्रमण गरेका छन भने श्रावण महिनामा सबैभन्दा कम कुल ७३१० जना पर्यटकहरुले निकुञ्ज भ्रमण गरेको तथ्याङ्कबाट देखिन्छ। आर्थिक वर्ष २०८०/०८१ को तुलनामा निकुञ्ज भ्रमण गर्ने पर्यटकको संख्या आ.व. २०८१/०८२ मा ७५,५०८ जनाले कमी आएको यस कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

महिना अनुसार निकुञ्ज भ्रमण गर्ने पर्यटकहरुको संख्यालाई तलको रेखाचित्रमा प्रस्तुत गरिएको छ ।





प्रस्तुत पर्यटन आगमनको रेखाचित्रबाट पर्यटकको आगमन असोज महिनाबाट बृद्धि भई कार्तिक महिनामा सबैभन्दा उच्चतम विन्दुमा पुगि तत् पश्चात माघ महिनासम्म घट्दै गएको र फागुनदेखि पुनः बढ्दै गएर २०८२ बैशाखबाट क्रमश ओरालो लागेको देखिन्छ ।

## ७.२ आर्थिक वर्ष अनुसार पर्यटक संख्या र राजश्व विवरण




चितवन राष्ट्रिय निकुञ्जको पर्यटक आगमनको पछिल्लो ५ वर्ष (आ.व. २०७८/०७९ देखि आ.व. २०८१/०८२ सम्म)को तथ्याङ्क विश्लेषण गर्दा आ.व. २०७८/०७९ देखि आ.व. २०८०/०८१ सम्म बढ्दै गएको देखिन्छ भने आ.व. २०८१/०८२ मा सो संख्यामा केही घटेको देखिन्छ । आ.व. २०८१/०८२ मा निकुञ्ज भ्रमण गर्ने स्वदेशी पर्यटकको संख्या आ.व. २०८०/०८१ को भन्दा करिब एक तिहाईले कमी आँउदा समग्र पर्यटक संख्यामा कमी आएको देखिन्छ भने सोही बमोजिम राजश्वमा समेत कमी आएको देखिन्छ ।




## ७.३ राजश्व विवरण

चितवन राष्ट्रिय निकुञ्जमा आर्थिक वर्ष २०८१/०८२ मा रु ३३,८६,२३,१९३.१०।- (तेत्तीस करोड छ्यासी लाख तेइस हजार एक सय त्रियानब्बे रुपया दश पैसा) राजश्व (मु.अ.कर समेत) संकलन भएको छ। शिर्षक अनुसार संकलित राजश्वको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.स. | राजश्व शिर्षक नं. | विवरण | जम्मा रकम रू. | प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| १ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १९०९३१५।०० | ०.५६% | मु.अ.कर बाहेक |
| २ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | १०७४५००।०० | ०.३२% | मु.अ.कर बाहेक |
| ३ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना | ६४४३८५।०० | ०.२०% | मु.अ.कर बाहेक |
| ४ | ३३३६१ | वन क्षेत्रको रोयल्टी | **३३,४९,९४,९९३।११** | ९८.९२% | मु.अ.कर समेत |
| | | पर्या पर्यटन | २६,८१,६१,९००।०० | | मु.अ.कर समेत |
| | | काठ दाउरा विक्री | १९,१७,२६५।०० | | मु.अ.कर समेत |
| | | गैरकाष्ठ वन पैदावार विक्री | ६,४९,१५,८२८।११ | | मु.अ.कर समेत |
| | | **कूल राजश्व** | **३३,८६,२३,१९३।११** | **१०० %** | मु.अ.कर समेत |

माथिको तालिका अनुसार संकलन भएको राजश्व मध्ये वन क्षेत्रको रोयल्टी वापत रु ३३,४९,९४,९९३.१ रुपैया संकलन भएको छ । यो कुल राजश्व रकमको ९८.९३ प्रतिशत हो ।वन क्षेत्रको रोयल्टी अन्तर्गत पर्यापर्यटनबाट सबैभन्दा बढी रु २६,८१,६१,९३००।- राजश्व संकलन भएको छ । यो कुल संकलित राजश्व रकमको ७९.१९% प्रतिशत हो।

## ७.४ मुद्दा सम्बन्धि विवरण


चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा चोरी शिकारी तथा अवैध गतिविधि नियन्त्रण गर्न नियमित गस्ती तथा अपरेशन कार्यहरु भइराखेको सर्वविदितैछ छ। यसै सन्दर्भमा आ.व. २०८१/०८२ मा विभिन्न कसुरमा पक्राउ पर्नेहरुको संख्या ४४२ जना रहेको छ ।

विभिन्न कसुरमा पक्राउ पर्नेहरुको संख्या तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | कसुर विवरण | पक्राउ पर्नेको संख्या | प्रतिशत | क्र.सं. | कसुर विवरण | पक्राउ पर्नेको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | गैडा | ८ | १.८१ | १० | ढुङ्गा,गिट्टी,वालुवा | ५ | १.१३ |
| २ | बाघ | १ | ०.२३ | ११ | घाँस दाउरा | १४१ | ३१.९० |
| ३ | बंदेल | २६ | ५.८८ | १२ | निउरो | ८७ | १९.६८ |
| ४ | पंक्षी(चरा) | ३ | ०.६८ | १२ | विना अनुमती निकुञ्ज प्रवेश | २३ | ५.२० |
| ५ | सालक | ५ | १.१३ | १४ | निशेधित क्षेत्र प्रवेश | ६ | १.३६ |
| ६ | काठ | ० | ०.०० | १५ | हिउँ चितुवा | २ | ०.४५ |
| ७ | चितल, जरायो | ० | ०.०० | १६ | चितुवा | ४ | ०.९० |
| ८ | माछा | १२६ | २८.५१ | १७ | च्याउ | ४ | ०.९० |
| ९ | अतिक्रमण | ० | ०.०० | | **जम्मा** | ४४२ | १०० |

तालिका अनुसार सबैभन्दा बढी ३१.९० प्रतिशत घाँस दाउराको कसुरमा पक्राउ परेका छन् । त्यस्तै माछा सम्बन्धि कसुरमा २८.५१ प्रतिशत पक्राउ परेका छन् । दुर्लभ एक सिंगे गैंडासँग सम्बन्धित अभियोगमा पक्राउ पर्नेको संख्या यस अवधिमा ८ (१.८१ प्रतिशत) रहेको छ ।

यसरी पक्राउ परेका व्यक्तिहरुलाई वन सम्बन्धी तथा वन्यजन्तु सम्बन्धि अपराधमा निम्नानुसार वर्गिकरण गरिएको छ।




यस कार्यालयमा मुद्दा दर्ता भई फैसला हुन बाँकी रहेका मुद्दाको संख्या आ.व. २०८०/०१ को अन्त्य सम्ममा २७ रहेको थिए भने आ.व. २०८१/०८२ मा जम्मा १२ वटा नयाँ मुद्दा दर्ता भई १४ वटा मुद्दा फैसला भएका छन् । आर्थिक वर्षको अन्त्यसम्म फैसला हुन बाँकी रहेको संख्या २६ वटा रहेका छन् । आ.व. २०८१/०८२ मा ४ वटा मुद्दामा यस कार्यालयबाट अनुसन्धान भए पश्चात अदालतमा दर्ता भई अदालती कारवाहीमा रहेका छन् ।


## ७.५ वन्यजन्तुबाट भएको क्षतिको राहत विवरण

यस कार्यालयले मानव-वन्यजन्तु द्धन्द न्यूनीकरणका लागि चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा विभिन्न किसिमको वन्यजन्तुवाट हुने क्षतिको राहतका लागि राष्ट्रिय निुकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ३ घ तथा "वन्यजन्तुबाट हुने क्षतिको राहत वितरण निर्देशिका २०८०" बमोजिम राहत वितरण गर्दै आएको अवगत नै छ । यसै सन्दर्भमा आर्थिक वर्ष २०८१/०८२ मा मानवीय क्षति-५१ जना (मृतक -१० जना, सामान्य घाइते -९ जना र गम्भीर घाइते -३२ जना), पशुधन क्षति १७२ जना, कुखुरा क्षति-७ जना, घरगोठ क्षति-२३ जना र खाद्यान्न बाली क्षति-४५६ जना गरी जम्मा ७२२ जनालाई राहत वितरण गरिएको छ । वितरण गरिएको जम्मा राहत रकम रु १,८२,६१,७७०।- रहेको छ ।

*क. राहत वितरण सम्बन्धि अन्य विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।*

| क्र.सं. | क्षतिको विवरण | संख्या | वितरण गरिएको राहत रकम (रु) | प्रतिशतमा |
|---|---|---|---|---|
| १ | सामान्य घाइते | ९ | ९३८५२ | ०.५१ |
| २ | गम्भीर घाइते | २१ | २९७४६१८ | १६.२९ |
| ३ | मानिस मृत्यु | १० | १०००००००० | ५४.७६ |
| ४ | पशुधनको क्षति | १७२ | १७०४७०० | ९.३३ |
| ५ | भण्डारण गरेको अन्नको क्षति | १३ | ८३००० | ०.४५ |
| ६ | घरगोठको क्षति | २३ | २१८००० | १.१९ |
| ७ | अन्न बालिको क्षति | ४५६ | ३१६०१०० | १७.३० |
| ८ | माछा क्षति | ० | ० | ०.०० |
| ९ | कुखुरा क्षति | ७ | २७५०० | ०.१५ |
| | **कुल जम्मा** | ७२२ | १८२६१७७० | १०० |


राहत वितरणको रकमलाई प्रतिशतमा निम्न पाईचार्टमा प्रस्तुत गरिएको छ । चार्ट अनुसार वितरण भएको राहत रकम मध्ये सबैभन्दा धेरै ६५ प्रतिशत मानव मृत्युको राहत स्वरुप वितरण गरिएको छ ।



*ख. मानविय क्षति सम्बन्धि विवरण निम्त तालिकामा प्रस्तुत गरिएको छ ।*

| सि.नं. | मृतकको नाम | ठेगाना | उमेर | लिङ्ग | घटना मिति | क्षेति गर्ने वन्यजन्तु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जदु सिंह | हरिपुर न.पा ७ सर्लाही ,हाल (हात्ति प्रजनन तथा तलिम केन्द्र सौराहा ) | ४० | पुरुष | २०८१/०६/१७ | जंगली हात्ती | |
| २ | जीत बहादुर थिंङ | विनय त्रिबेणी न.पा.१, (तीनचुली म. सा. वन) | ६२ | पुरुष | २०८१/०७/०१ | बाघ | |
| ३ | शुक वहादुर वोटे | कावासोती - ७ कृष्णसार | ६७ | पुरुष | २०८१/०७/२० | गैडा | |
| ४ | नाथुराम थारु | मध्यविन्दु नगरपालिका ६ | ६५ | पुरुष | २०८१/०८/०८ | गैडा | |
| ५ | मेन्दोमाया भण्डारी | खै.न.पा. - १३ | ३७ | महिला | २०८१/०९/१४ | गैडा | |
| ६ | छबिलाल बोटे | माडी - ३ | ५६ | पुरुष | २०८१/०६/०१ | गैंडा | |
| ७ | शिवराज भण्डारी | माडी -७ | ६२ | पुरुष | २०८१/१०/०३ | गैंडा | |
| ८ | भुतही महत्तो | माडी -२ | ६१ | महिला | २०८१/१०/१८ | गैंडा | |
| ९ | शान्ती सार्की | माडी नगरपालिका ७ | ६८ | महिला | २०८१/११/१८ | गैंडा | |
| १० | सुरेश महत्तो | कालिका ४ | ३५ | पुरुष | २०८१/११/२४ | हात्ती | |
| ११ | शनिश्चरा दरै | रासी — ६ | ५२ | पुरुष | २०८२/०३/१२ | गैंडा | |
| १२ | जंगे कुमाल | भरतपुर म.न.पा-२८ | ६० | पुरुष | २०८२/०३/०२ | गैंडा | |
| १३ | पदम वहादुर राना मगर | खै.न.पा.१३ गबै | ६८ | पुरुष | २०८२/०३/२७ | बाघ | |

आ. व. २०८१/०८२ मा मानव वन्यजन्तु द्वन्द्वका जम्मा ७२२ वटा घट्नामा राहत वितरण भएको छ। यस्ता घट्नामा सबैभन्दा बढी गैंडाको कारणले २८९ वटा, त्यसपछि चितुवाको कारणले १४०, हात्तीको कारणले ११४ वटा घट्ना भएका छन भने अजिंगरका कारणले सबैभन्दा कम २ वटा घट्ना भएका छन् । यसलाई निम्न अनुसारको चित्रमा प्रस्तुत गरिएको छ ।




## १. आ.व. २०८१/०८२ को वन्यजन्तुको क्षति सम्बन्धिको विवरण

| सि.नं. | वन्यजन्तुको नाम | मृत्युको कारण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्राकृतिक (उमेर पुगेर, बिरामी भएर, बाघको आक्रमणबाट आदि) | जुँघेर | सडक दुर्घटना | विद्युतीय करेन्ट | चोरी शिकारी | बाढीले बगाएर | दलदलमा परी मरेको | तारजालीमा परेर | कुकुरको आक्रमण | कारण नखुलेको | अन्य | जम्मा | कैफियत |
| १ | गैंडा | १८ | ३ | | १ | | २ | ३ | | | | १ | २८ | * |
| २ | चितुवा | | | | | | | | | | | १ | १ | ** |
| ३ | हात्ती | ५ | | | | | | | | | १ | १ | ७ | *** |
| ४ | बाघ | | १ | | | | | | | | | 1 | २ | **** |
| ५ | चरी बाघ | | | | | | | | | | | १ | १ | ***** |
| ६ | चितल | १२ | | २ | | | | | १ | १६ | | | ३१ | |
| ७ | जरायो | ३ | | | | | | | | | | | ३ | |
| ८ | रतुवा | | | | | | | | | १ | | | १ | |
| ९ | घडियाल गोही | २ | | | | | | | | | | | २ | |
| १० | निलगाई | २ | | | | | | | | | | | २ | |
| ११ | अजिंगर | | | | | | | | | | | १ | १ | |
| १२ | स्याल | | | | | | | | १ | | | | १ | |
| १३ | भालु | १ | | | | | | | | | | | १ | |
| १४ | अन्य | २ | | | | | | | | | | | २ | |
| | **जम्मा** | ४५ | ४ | २ | १ | ० | २ | ३ | २ | १७ | १ | ६ | ८३ | |

*१पोथी-१०, भाले-१ र पहिचान हुन् नसकेको-७

** रेडियो कलर जडान भएको

*** ३ वटा निजी हात्ती, १ वटा सरकारी र ३ वटा जंगली हात्ती

**** भैसीलाई आक्रमण गर्दा मृत्यु भएको (भाले)- भाले-२

***** पोथी-१, Poisoning भएर मरेको

उल्लेखित विवरणबाट सबैभन्दा बढी प्राकृतिक कारणबाट वन्यजन्तुहरुको मृत्यु भएको देखिन्छ भने त्यसपछि कुकुरको आक्रमणबाट बढी वन्यजन्तुको मृत्यु भएको देखिन्छ ।मृत्यु हुने जनावरहरुमा सबैभन्दा बढी चित्तल (३१) त्यसपछि एक सिंगे गैंडा (२८) र त्यसपछि हात्ती (३ वटा निजी, १ वटा सरकारी र ३ वटा जङ्गली गरी ७ वटा) रहेको छ । मृत्यु भएका वन्यजन्तुमध्ये एक सिंगे गैंडाको मृत्यु सम्बन्धि विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## ७.६ एक सिंगे गैंडाको मृत्यु विवरण

आ. व. २०८१/०८२ मा मृत्यु भएको गैंडाको संख्या जम्मा २८ रहेको छ ।मृत्यु भएको गैंडाको विवरण तपसिल बमोजिमको तालिकामा उल्लेख गरिएको छ ।

| सि.नं. | मिति | उमेर | लिङ्ग | लोकेशन (X) | लोकेशन (Y) | ठाउँ | मृत्युको कारण |
|---|---|---|---|---|---|---|---|
| १ | २०८१/४/०८ | १३ वर्ष | पोथी | २७.५५५६८३९६ | ८४.३३९८३९६ | भरतपुर-२६ भगेडी | करेंट लागेर |
| २ | २०८१/४/२६ | २८ दिन | भाले | २७.५१८४८३ | ८४.२१५२७१ | Ntnc मा उपचार गर्दै गर्दा | बाघको आक्रमण |
| ३ | २०८१/५/०७ | २ महिना | भाले | २७.५७०६ | ८४.४६९७ | रासी दोभानघाट घासेमैदान | बाघको आक्रमण |
| ४ | २०८१/५/१० | एकिन नभएको | एकिन नभएको | २७.६३८२०४८ | ८४.२५९४ | हिरापुर टापु, गांजीपुर | प्राकृतिक |
| ५ | २०८१/६/१६ | ३५ बर्ष | भाले | २७.५५२३०९ | ८४.३१५१६ | चिप्लेघाट, रासि खोला | प्राकृतिक |
| ६ | २०८१/०६/१७ | ४ महिना | पोथी | २७.५८२५१९९८ | ८४.४०६९५ | बाटुलीपोखरी सा. वन | घोलमा डुबेर |
| ७ | २०८१/७/५ | १८-२० | पोथी | २७.५७८५८ | ८३.९६०८४१ | मध्यबिन्दु-१२, अरुणखोला | प्राकृतिक |
| ८ | २०८१/७/६ | एकिन नभएको | एकिन नभएको | २७.५५३२३६६८ | ८३.९८०९४ | कलकत्ता टापु | बाढीले बगाएर |
| ९ | २०८१/७/६ | एकिन नभएको | एकिन नभएको | २७.५५३४६३०५ | ८३.९८१३२१ | कलकत्ता टापु | बाढीले बगाएर |
| १० | २०८१/७/१३ | २५ बर्ष | पोथी | २७.५४९३२६०८ | ८४.३३०११३ | पोकली घोल कोर क्षेत्र | दलदलमा फसेर |
| ११ | २०८१/८/०७ | २२ बर्ष | भाले | २७.६७४७९८ | ८४.३०५२८ | नारायणी खोला तिर | प्राकृतिक |
| १२ | २०८१/८/१३ | ३५ बर्ष | पोथी | २७.५४७९८८८६ | ८४.२९१८०२७ | धुर्ब पोस्ट नजिक | प्राकृतिक |
| १३ | २०८१/०९/२१ | २३ बर्ष | भाले | २७.६९२८४६३२ | ८४.२४०२० | पुरानो कुजौली पोस्ट, कोर | प्राकृतिक (जुधेर) |
| १४ | २०८१/१०/०३ | ३० बर्ष | पोथी | २७.५५४३८७०८ | ८४.२७३९००५६ | पात्ले ताल, धुर्ब पोस्ट | प्राकृतिक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | २०८१/१०/१० | ८ महिना | पोथी | २७.५४५३३१९९ | ८४.१४४७२ ९९९ | खोरियामुहान क्षेत्र | प्राकृतिक |
| १६ | २०८१/१०/१२ | ३० बर्ष | भाले | २७.५४८९९१११ | ८४.३६८८१ ९ | भालु खोला नजिक (घाटगाई) | प्राकृतिक |
| १७ | २०८१/११/०४ | ३२-३५ | एकिन नभएको | २७.५३१२६५ | ८४.२१५३२ ३ | सुरुङखोला बाट ११०० मि. पूर्व | प्राकृतिक |
| १८ | २०८१/११/०७ | १५ बर्ष | भाले | २७.५६५७५७ | ८४.३७३३४ ८ | होटेल नारायणी सफारी नजिक राप्ती किनार | प्राकृतिक (जुधेको हुन सक्ने) |
| १९ | २०८१/११/१० | ७ बर्ष | पोथी | २१७१३६ | ३०५५०३२ | लामिचौर क्षेत्र, अमलटारी | प्राकृतिक |
| २० | २०८१/११/२४ | २४ बर्ष | भाले | २२३४०९ | ३०६०५२१ | कुमारवर्ति सा. वनको दक्षिणि | प्राकृतिक (जुधेर दलदलमा फसेको) |
| २१ | २०८१/१२/०६ | ५ बर्ष | एकिन नभएको | २१९२९४ | ३०५००६५ | खोरियामुहन दक्षिण | प्राकृतिक |
| २२ | २०८१/१२/०९ | १५ दिन | पोथी | २१७४४३ | ३०५५९३८ | कृष्णसार स. बन | प्राकृतिक(बाघको आक्रमण हुन सक्ने) |
| २३ | २०८१/१२/१६ | ३४ बर्ष | पोथी | ७९४२२० | ३०५१३१७ | कोलकत्ता टापु, भुताहा | प्राकृतिक |
| २४ | २०८१/१२/१९ | एकिन नभएको | एकिन नभएको | २७.६४२५ | ८४.२६९४४ ४४४ | गांजीपुर घोल | प्राकृतिक |
| २५ | २०८२/०१/०४ | एकिन नभएको | एकिन नभएको | २७.५५४१६६६७ | ८४.३७२७७ ७७८ | घटगाइ क्षेत्र | प्राकृतिक |
| २६ | २०८२/१/२० | ३०-३२ बर्ष | पोथी | २७.५५५५४७ | ८४.५०३१९ ७ | सौराहा कोर क्षेत्र | प्राकृतिक |
| २७ | २०८२/१/२८ | १५ बर्ष | भाले | २७.५५७१९२ | ८४.२६००७ | जमुनाघाट राप्ती खोला | प्राकृतिक (जुधेर हुन सक्ने |
| २८ | २०८२/०३/२५ | १८ बर्ष | भाले | २१९०२४ | ३०५५५२६ | पुरानो आइल्याण्ड होटल नजिक (बाँदरझुला घाट) | प्राकृतिक (जुधेर हुन सक्ने |

### ७.७ आ.व. २०८१/०८२ मा उद्दार गरिएको वन्यजन्तुको विवरण

आ.व. २०८१/०८२ मा जम्मा १७७ वटा वन्यजन्तुको उद्दार गरी निकुञ्जको कोर क्षेत्र, मध्यवर्ती सामुदायिक वन तथा मध्यवर्ती वन लगायतका वन्यजन्तुको प्राकृतिक वासस्थानमा छोडिएको छ । उद्दार गरिएका वन्यजन्तुको विवरण तपसिल बमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

| आ.व. २०८१/०८२ को वन्यजन्तुको उद्दार सम्बन्धिको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं.** | **वन्यजन्युको नाम** | **संख्या** | **कैफियत** | **सि.नं.** | **वन्यजन्युको नाम** | **संख्या** | **कैफियत** |
| १ | गैंडा | ४ | | ८ | घडियाल गोही | १२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | बाघ | २ | | ९ | रतुवा | २ | |
| ३ | चितल | ७ | | १० | गिद्द | २ | |
| ४ | कछुवा | ६ | | ११ | गोहोरो | १ | |
| ५ | सर्प | ३८ | | १२ | निर बिरालो | १ | |
| ६ | अजिंगर | ७८ | | १३ | अन्य | ३ | हुचिल, Black stork, बाँदर |
| ७ | मगर गोही | २१ | | | **जम्मा** | **१७७** | |

### ७.७ आ.व. २०८१/०८२ मा मध्यवर्ती क्षेत्रमा उद्योग दर्ता

आ.व. २०८१/०८२ मा चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रमा कुल जम्मा १७ वटा उद्योगहरुले चितवन तथा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का उद्योग कार्यालयमा दर्ता हुनका लागि सहमति प्राप्त गरेका छन् ।

## ८. सूचना अधिकारी र प्रमुखको नाम र पद

| | |
|---|---|
| सूचना अधिकारीको नामः **श्री अविनाश थापा मगर** | कार्यालय प्रमुखको नामः **डा. गणेश पन्त** |
| पदः संरक्षण अधिकृत | पद : बरिष्ठ संरक्षण अधिकृत |

## ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३
- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६ तथा वन नियमावली, २०७९
- वातावरण संरक्षण नियमावली, २०७७
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- चितवन राष्ट्रिय निकुञ्ज नियमावली,२०३०
- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०
- मध्यवर्ती क्षेत्र (उधोग स्थापना र संचालन) मापदण्ड, २०८०

## १०. अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण

वार्षिक प्रतिवेदन संलग्न छ ।

## ११. सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण

यस निकुञ्ज कार्यालयको वेबसाईटः https://chitwannationalpark.gov.np

## १२. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण

विभिन्न संघ, संस्था, निकाय, सरकारी कार्यालय, विश्व विद्यालयका विद्यार्थी तथा सेवाग्राही एवं पत्रकारहरुबाट माग भएको सूचना, जानकारी उपलब्ध गराइएको छ । कार्यालयबाट प्रकाशित प्रकाशनहरु निशुल्क रुपमा वितरण गर्ने गरिएको छ । यसको साथै विभिन्न प्रकाशन, सूचनाको Softcopy माग भए बमोजिम उपलब्ध गराउने गरिएको छ ।

## १३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सो को विवरण

यस कार्यालयबाट प्रकाशन गरिएका सूचनाहरु यस कार्यालयको वेवसाइट तथा फेसबुक पेजमा प्रकाशित छन् ।

**पुनश्चः** उल्लिखित संक्षिप्त रुपमा सार्वजनिक गरिएको सूचना, जानकारी, तथ्याङ्क र विवरणलाई सकेसम्म शुद्धता र बोधगम्य रुपमा प्रस्तुत गर्न प्रयास गरिएको छ कहि कतै भूल त्रुटी भए श्रद्धेय पाठकहरुको सुझावको आधारमा समय सापेक्ष सुधार गरी अद्यावधिक गरिने प्रतिबद्धता जाहेर गर्दछौं ।